# *अस्थायी (करार) शिक्षक छनौट सम्बन्धि कार्यविधि २०७५*

*प्रमाणिकरण मिति : २०७५/०२/०७*

यस चन्द्रकोट गाँउपालिका भित्र रहेका विद्यालयहरुमा आधारभुत तह (प्रा.वि तथा नि.मा.वि.) र माध्यामिक तह (मा.वि. र उ.मा.वि.) मा रिक्त रहेका स्थायी, लियन र राहत अनुदान अन्तर्गतका अस्थायी दरवन्दिमा करार शिक्षक नियुक्ति गर्न तथा शिक्षक नियुक्ति प्रक्रियालाई व्यवस्थित, मर्यादित र गुणस्तरीय (विश्वसनियता, वैधता एवं निष्पक्षता सहितको) बनाउनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) अनुसार चन्द्रकोट गाँउ कार्यपालिकाको कार्यालयबाट (अर्को व्यवस्था नहुदा सम्मको लागि) यो करार शिक्षक छनौट सम्बन्धि कार्यविधि जारी गरी देहाय अनुसार कार्यान्वयन गर्ने निर्णय गरिएको छ।

१) शिक्षक छनौट समिति

क) विद्यालयमा रिक्त रहेको दरबन्दिमा करारमा शिक्षक नियुक्ति गर्नको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ।

अ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक

आ) विद्यालय निरीक्षक - सदस्य

इ) स्रोतव्यक्ति - सदस्य

ई) वि.व्य.स. ले मनोनित गरेको दुईजना विज्ञ - सदस्य

उ) प्रधानाध्यापक - सदस्य सचिव

२. शिक्षक छनौट प्रक्रिया : -

चन्द्रकोट गाँउ कार्यपालिकाको कार्यालयबाट शिक्षक नियुक्ति गर्ने विज्ञापनको अनुमति प्राप्त भइसकेपछि शिक्षक छनौट समितिले देहाय अनुसार गर्ने गराउने छ।

क) विज्ञापन प्रक्रिया :- विद्यालय व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई शिक्षक दरबन्दी रित रहेको विद्यालयले तोकिएको ढाँचा बमोजिम कम्तिमा १५ दिनको सूचना दिई विज्ञापन प्रकाशित जानुपर्ने छ।यदि १५ दिनको म्याद भित्र दरखास्त नपरेमा वा एक जनाको मात्र दरखास्त परेमा ७ दिनको म्याद राखी पुनः विज्ञापन प्रकाशित गर्नु पर्नेछ।

ख) सूचना र जानकारीः- विज्ञापन प्रकाशित गरेको सूचना अनिवार्य रुपमा सम्बन्धित विद्यालय वडा कार्यालय र वडा भित्र रहेका अन्य सरकारी कार्यालयमा उही दिन तथा गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटीमा २ दिन भित्र टाँसेको हुनुपर्नेछ।साथै विज्ञापन प्रकाशित भएको तीन दिन भित्र कुनै एउटा स्थानीय नजिकको एफ.एम. रेडियो मार्फत सार्वजनिक सूचना प्रसारण गर्ने र सूचना टाँस गरेको मुचुल्का समेत उठाउनु पर्नेछ।

ग) परीक्षा मिति :- विज्ञापन गरिएको पदको लागि शिक्षक छनौट परीक्षा विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी सञ्चालन गर्नुपर्नेछ । परीक्षाको दिन तोक्नको लागि शिक्षक छनोट समितिसँग आपसी समन्वय गरी वि.व्य.स.को बैठक बसी निर्णय गर्ने र सबै उम्मेदवारहरुलाई तत्कालै जानकारी गराउनु पर्नेछ।

घ) आवेदन संकलन :- उम्मेदवारको आवेदन सम्बन्धित विद्यालयमा दर्ता गर्ने र दर्ता गर्ने अन्तिम समय पूरा हुनासाथ पेश भएका आवेदनहरु शिलबन्दी गरी को कस्को रोहवरमा शिलबन्दी गरिएको हो सो समेत उल्लेख गरी परीक्षा सञ्चालन हुने दिन शिक्षक छनौट समिति समक्ष पेश गर्नुपर्नेछ ।

ङ) परीक्षा केन्द्र :- शिक्षक छनौट परीक्षाको केन्द्र गाउँ कार्यपालिकाको कार्यालयको परिसरमा रहने छ।

च) परीक्षाको किसिम :

संघीय शिक्षक सेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ।

छ) सार्वजनिक सूचनाको स्पष्टता :- दरखास्त दिने उम्मेदवारको परीक्षा हुने दिन सम्बन्धित विशेषज्ञ छनौट गर्नु पूर्व माथि बँदा नं. २.ख अनुसार भएको प्रमाण जाँच गरी निश्चित भएपछि शिक्षक छनौट समितिको निर्णय पुस्तिकामा उल्लेख गरीसकेपछि मात्र विशेषज्ञ छनौट सम्बन्धि प्रक्रिया अगाडि बढाउनु पर्नेछ।प्रमाणको लागि विज्ञापन टाँस गरेको मुचुल्का एफ.एम. रेडियोमा प्रशारण गरेको स्पष्ट विवरण सहितका कागजातहरु पेश गर्नुपर्नेछ।

ज) परीक्षाको लागि विशेषज्ञ छनौट प्रक्रिया :- शिक्षक छनौट समितिले गाँउपालिका स्तरबाट विज्ञापन गरी योग्यता पूरा भएका उम्मेद्वारहरु मध्येबाट छनौट भई गाँउ कार्यपालिकाको कार्यालयबाट सूचिकृत भएका व्यक्तिहरु मध्येबाट विशेषज्ञ छनौट गर्नुपर्नेछ । गाउँ कार्यपालिको कार्यालयले विशेषज्ञ छनौट गर्दा निश्चित समय तोकी विज्ञापन प्रकाशित गर्ने छ र उक्त तोकिएको समयभित्र दरखास्त दिने उम्मेदवारहरु मध्येबाट योग्यता पुगेकालाई सूचिमा सूचिकृत गर्नेछ । विद्यालयको शिक्षक छनौट समितिले विशेषज्ञ छनौट गर्दा जुन पद, तह वा विषयका लागि विज्ञापन गरिएको हो, सोहि सूचिमा सूचिकृत भएका विशेषज्ञलाई चिट्ठा प्रक्रिया अवलम्बन गरी छनौट गर्नु पर्नेछ । सो प्रक्रिया अवलम्बन गर्दा चिट्ठा प्रक्रियामा पहिलो पटक छनौट भएको विशेषज्ञ उपलब्ध हुन नसकेमा नहुनुको कारण खोलि छनौट समितिको निर्णय पुस्तिकामा उल्लेख गरी सोहि अनुसार क्रमशः अर्को विशेषज्ञ छनौटको प्रक्रियामा अगाडि बढाउनु पर्नेछ।

झ) प्रश्नपत्र निर्माण :- विशेषज्ञ (विज्ञ) सदस्यहरुले प्रश्न पत्र निर्माण गर्दा शिक्षक सेवा आयोगद्वारा प्रकाशित एवं स्वीकृत पाठ्यक्रम तथा विशिष्टीकरण तालिकालाई पूर्णत : पालना गरी प्रश्नपत्र निर्माण गर्नु पर्नेछ ।साथै प्रत्येक प्रश्नको उत्तर कुञ्जिका सहित प्रश्नपत्रको पूर्ण सेट तयार गरी छनौट समिति समक्ष पेश गर्नु पर्नेछ । दुईवटा विशेषज्ञबाट अलग अलग सेट निर्माण गर्न लगाउनु पर्नेछ । प्रश्न पत्रमा हुने त्रुटी कम गर्न र स्तरीय बनाउनको लागि विशेषज्ञ मध्ये एकले अर्काको प्रश्नपत्र दोहोर्‍याई हेर्न लगाउनु पर्दछ । यसो गर्दा प्रश्नपत्र नबदल्ने, संशोधन नगर्ने तर त्रुटी मात्र सच्याउने काम गर्नुपर्नेछ।

ञ) एउटै प्रश्न पत्र उपयोग गर्न सकिने :- फरक फरक विद्यालयका लागि एकै तह वा विषयको दरवन्दीमा शिक्षक पदका लागि एकै दिन परीक्षा सञ्चालन हुने भएमा सम्बन्धित विद्यालयका शिक्षक छनौट समितिहरुले समन्वय गरी साझा प्रश्नपत्र प्रयोग गर्न सक्नेछन् ।

ट) प्रश्नपत्रको सुरक्षा एवं गोपनीयता :- माथि बुदा नं. २. ज अनुसार तयार भएका प्रश्न पत्रहरु अलग अलग खाममा शिलबन्दी गरी (क र ख सहित) संकलन गरेर प्रश्नपत्र बैंक स्थापना गरी गाउँ कार्यपालिकाको कार्यालय एवं छनौट समिति र चन्दकोट इलाका प्रहरी कार्यालयको रोहवरमा मुचुल्का सहित पुनः शिलबन्दी गरी प्रश्नपत्रको सुरक्षा एवं गोपनियताको लागि चन्द्रकोट इलाका प्रहरी कार्यालयमा राख्ने व्यवस्था गर्नुपर्नेछ । परीक्षा सञ्चालन हुने समयमा शिक्षक छनौट समितिको संयोजकबाट चिट्ठा प्रथाद्वारा प्रश्नपत्र झिकी गाउँ कार्यपालिकाको कार्यालयको प्रतिनिधि, शिक्षक छनौट समिति र सुरक्षाकर्मीको रोहवरमा प्रश्नपत्र खोली परीक्षार्थीलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ।

ठ) उत्तर पुस्तिका परीक्षण :-शिक्षक छनौट समितिले परीक्षा सम्पन्न भएको दिन शिक्षा अधिकृत वा स्रोतव्यक्तिवाट गोप्य रुपमा उत्तर पुस्तिका कोडिङ्ग गर्न लगाई प्रश्नपत्र निर्माण कर्ता र परिमार्जन कर्ता विशेषज्ञहरुबाट छुट्टा छुट्टै रुपमा उत्तर पुस्तिका परीक्षण गराउनु पर्नेछ । विशेषज्ञहरुबाट परीक्षण गरी सकेपछि शिक्षक छनौट समितिले तोकेको व्यक्तिबाट परीक्षकहरुले दिएको प्राप्ताङ्क गोप्य रुपमा राखी औषत निकाली प्रत्येक उत्तरमा अंक प्रदान गर्नुपर्नेछ । उत्तर पुस्तिका परीक्षणको समयमा तोकिएको व्यक्ति वाहेक अन्य व्यक्ति परीक्षण स्थलमा प्रवेश गर्न पाईने छैन।

ड) लिखित परीक्षाको नतिजा प्रकाशन : संघीय शिक्षक सेवा आयोग नियमावली वमोजिम हुनेछ।

ढ) अन्तरवार्ता सञ्चालन प्रक्रिया :- शिक्षक छनौट समितिले प्रश्नपत्र निर्माण, परिमार्जन र उत्तर पुस्तिका परीक्षणमा संलग्न विशेषज्ञ सदस्यहरुको सहयोगमा लिखित परीक्षा सञ्चालन भएको हलमा लिखित परीक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ता सञ्चालन गर्नुपर्नेछ ।अन्तरवार्ता बाट उम्मेदवारहरुको योग्यता परीक्षण गर्दा देहाय अनुसारको अंकभारलाई अनुसरण गर्नुपर्नेछ ।

अन्तरवार्ताको लागि छुट्टाइएको अंक २० हुनेछ । यसलाई देहायबमोजिम दिनु पर्नेछ ।

- सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता मध्ये विशिष्ट श्रेणीको लागि १० अंक प्रथम श्रेणीको लागि ८ अंक, द्वितीय श्रेणीको लागि ६ अंक र तृतीय श्रेणीको लागि ४ अंकका दरले शैक्षिक योग्यता बापतको जम्मा अंक १० हुनेछ।
- अन्तरवार्ता वापत उम्मेदवारको व्यक्तित्व, विषयवस्तु प्रतिको ज्ञान, प्रवृत्ति र सीप, प्रस्तुतीकरण कला तथा भाषा शैलिको अवलोकनबाट दिइने जम्मा अंक १० हुनेछ । तर अन्तरवार्ताको अंक दिँदा ७० प्रतिशत भन्दा बढी र ३५ प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ । तर यसरी अंक प्रदान गर्दा कम्तिमा ५० प्रतिशत सदस्यहरुको मूल्यांकनमा एकरुपता हुनुपर्ने छ । यसरी अन्तरवार्ता समाप्त भएपछि सबै अन्तरवार्ताकारले दिएको नम्बर जोडी समष्टीगत औषत निकाल्नु पर्नेछ।
- अन्तरवार्तामा सहभागी हुने उम्मेदवारले आफ्ना योग्यताका सबै सक्कल प्रमाण पत्र पेश गर्नु पर्नेछ।

ण) लिखित परीक्षाको नतिजा जानकारी हुन नहुने :-अन्तरवार्ताकारलाई लिखित परीक्षाको नतिजा जानकारी नहुने व्यवस्था मिलाउनु पर्नेछ । उक्त लिखित परीक्षाको नतिजा जानकारी नहुने व्यवस्था मिलाउन उक्त लिखित परीक्षाको नतिजा अन्तरवार्ता सम्पन्न नहुञ्जेलसम्म शिक्षक छनौट समितिले तोकेको सदस्य (जो अन्तरवार्तामा समावेश हुदैनन्) ले जिम्मा लिई गोप्य राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

त) अन्तिम नतिजा प्रकाशन :- अन्तरवार्ता समाप्त भैसकेपछि शिक्षक छनौट समितिले लिखित परीक्षा र अन्तरवार्तामा अधिकतम अंक ल्याउने उम्मेदवार मध्ये सबैभन्दा बढी अंक ल्याउने परीक्षार्थीलाई नियुक्तिको लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नुपर्नेछ । दोश्रो नम्वरमा आउने उम्मेद्वारलाई वैकल्पिक उम्मेदवारको रुपमा राख्नु पर्नेछ । यदि अन्तिम नतिजाको अङ्क बराबर भएमा न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको श्रेणी, अंक वा जीपीए हेरी उच्चतम अङ्क हुनेलाई छनौट गर्नुपर्नेछ । न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको श्रेणी, अंक वा जीपीए बराबर भएमा माथिल्लो योग्यताको प्रमाणपत्रको श्रेणी, अंक वा जीपीए हेरी उच्चतम अङ्क हुनेलाई छनौट गर्नुपर्नेछ । सफल उम्मेद्वारले सिफरिस भएको मितिले ७ दिनभित्र नियुक्ति नलिएमा वा केहि कुनै कारणले ३ महिना भित्र सो पद खालि भएमा वैकल्पिक उम्मेद्वारलाई नियुक्ति दिनु पर्नेछ ।

थ) नियुक्ति :- शिक्षक छनौट समितिले लिखित परीक्षा र अन्तरवार्ताबाट सर्वोत्कृष्ट अंकको आधारमा सिफारिस गरेको सफल उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्नुपर्नेछ । करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्रसम्म पनि उक्त रिक्त पदमा स्थायी पदपूर्ति नभएमा करारको म्याद थप गर्न सक्नेछ र यसको जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिन पर्नेछ।

द) उत्तर पुस्तिकाको सुरक्षा :- नतिजा प्रकाशन पछि उत्तर पुस्तिका खाममा शिलबन्द गरी सम्वन्धित विद्यालयको प्रधानाध्यापक जिम्मा रहने छ।

ध) वदर हुने : यस कार्यविधि बमोजिमको प्रक्रिया नपुगी शिक्षक नियुक्ति गरिएमा गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो नियुक्ति जुनसुकै वखत बदर गर्नेछन्।

३. परीक्षा अनुगमन :- यसरी गा.पा.को कार्यालय परीसरमा सञ्चालन हुने अस्थायी करार शिक्षक छनौट परीक्षाको समग्र अनुगमन गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत एवं सामाजिक विकास समितिको संयोजकबाट हुन सक्नेछ ।

४. परीक्षा स्थलको सुरक्षा :- परीक्षा सञ्चालन हुने क्षेत्रको सुरक्षाको लागि गाउ कार्यपालिकाको कार्यालयले इलाका प्रहरी कार्यालयसँग समन्वय गरी सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ।

५. पारिश्रमिकको व्यवस्था :-शिक्षक छनौटको लागि वि.व्य.स. ले एकजना उम्मेदवारबाट रु. २०००।- नबढ्ने गरी आवेदन दस्तुर तोक्न सक्नेछ । वि.व्य.स. ले परीक्षा सञ्चालन एवं सम्पन्न गर्ने विशेषज्ञ एवं सदस्यहरुलाई पारिश्रमिकको व्यवस्था गर्न सक्नेछ । परीक्षामा संलग्न विशेषज्ञ एवं सदस्यलाई कति दिन खट्नु पर्ने हो, दैनिक भत्ता एवं इन्धन खर्च वा आतेजाते, खाना, खाजा, वास खर्च एवं बैठक भत्ता आवश्यकता र औचित्यको आधारमा उपलब्ध गराउनु पर्नेछ ।छनौट समितिका सदस्यहरुको पारिश्रमिक सम्वन्धमा

एउटा मात्र विद्यालय भएमा प्रा.वि. तह रु. २,५००। नि.मा.वि. तह रु. ३,०००। र मा.वि. तह रु. ३,५००।

२ देखि ५ विद्यालय भएमा प्रत्येक विद्यालयले रु. १०००। थप व्यवस्था गर्नुपर्ने

प्र.अ. एवं वि.व्य.स. अध्यक्षको जम्मा रु. १,५००। हुनेगरी लागु गर्नुपर्ने छ।

६. माथि उल्लेखित कार्यविधि आवश्यकता अनुसार संशोधन हुनेछ।